# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं

मिति : २०७६/३/१०

## प्रेस विज्ञप्ती

सरकारले संसदमा विचारधिन विज्ञापन विधेयकमा क्लिन फिडको व्यवस्था गरेको विषयलाई नेपाल पत्रकार महासंघले सकारात्मक रुपमा लिएको छ । सरकारको आमसञ्चार नीति र पत्रकार महासंघले विभिन्न चरणमा अघि सारेको मागपत्र तथा पारित दस्तावेजहरुमा क्लिन फिड व्यवस्था लागु गर्ने विषय उच्च प्राथमिकतामा रहँदै आएको थियो । क्लिन फिडले नेपाली सञ्चार माध्यमहरुको दिगो विकासमा महत्वपूर्ण सहयोग पुग्छ भन्ने महासंघको विश्वास छ । विज्ञापन विधेयकमा क्लिन फिड व्यवस्थागरि लागु गर्ने दृढता प्रर्दशन गरेकोमा महासंघ सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

त्यसैविच मिडिया काउन्सिल विधेयक र सूचना प्रविधि विधेयकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पार्ने हुँदा उक्त विधेयक फिर्ता लिई सरोकारवालाहरुसंग छलफल गरेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री विधेयक ल्याउन गरिएको महासंघको आन्दोलन जारी छ । जेठ ११ गते बुधबार तेस्रो चरणको आन्दोलन अन्तर्गत अपह्रन्न ३ बजे बसन्तपुरमा चर्चित कविहरुको कविता वाचन र ख्यातिप्राप्त काटुर्निष्टहरुको कार्टुन चित्र प्रर्दशनी आयोजना हुदैछ ।
महासंघ आन्दोलनरत पक्षसंग वार्ता र सम्वादको माध्यमबाट समस्या समाधान गर्न सरकारसंग पुनः आग्रह गर्दछ ।

साथै महासंघको घोषित आन्दोलनहरुमा सक्रिय सहभागि हुन आमसञ्चारकर्मी, सञ्चारसम्बद्ध संघसंस्था, पेशाकर्मी नागरिक समाज र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरुसंग हार्दिक आव्हान गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org